# उद्योग, कृषि तथा सहकारी मन्त्रालय

## कोशी प्रदेश, विराटनगर

## कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउने कार्यक्रममा ईच्छुक बैंक/वित्तिय संस्था/सहकारीहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०४**

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार बैंक/वित्तिय संस्था/सहकारी संस्था मार्फत प्रवाह हुने कृषि कर्जामा ब्याज अनुदान कार्यक्रम सञ्चालनका लागि **कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१** अनुसार यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रम अन्तरगत कृषि उद्यमीलाई कृषि कर्जा उपलब्ध गराई कार्यविधि अनुसार ब्याज अनुदान उपलब्ध गराउन कोशी प्रदेशमा कार्यरत ईच्छुक बैंक/वित्तिय संस्था/सहकारी संस्थालाई कार्यविधिको अनुसुची-२ को ढाँचामा यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र मन्त्रालयमा प्रस्ताव पेश गर्न आव्हान गरिन्छ। बैंक/वित्तिय संस्थाको हकमा प्रादेशिक कार्यालयले प्रस्ताव पेश गर्नुपर्नेछ। कार्यक्रम सम्बन्धी कार्यविधि, अन्य जानकारी र आवश्यक फारमहरु मन्त्रालयको वेभ साईट http://moiac.koshi.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

थप जानकारीका लागि मन्त्रालयका कृषि प्रसार अधिकृत श्री अभिमन्यू अधिकारी मोबाईल नं. ९८५२०३५०४९ र पशु चिकित्सक डा. देव कुमार दर्लामी मोबाईल नं. ९८५१३१३१११ मा सम्पर्क गर्न सकिनेछ।

**अनुसूची-२**

**(दफा ५ को खण्ड (ख), दफा ११ को खण्ड (ख) र दफा १७ को खण्ड (ग) संग सम्बन्धित)**

**ब्याज अनुदान कार्यक्रममा सहभागी हुन बैंक/वित्त कम्पनी/लघुवित्त संस्था/ सहकारी संस्थाले दिने प्रस्तावको ढाँचा**

मितिः

श्री उद्योग कृषि तथा सहकारी मन्त्रालय,
विराटनगर।

विषयः ब्याज अनुदान कार्यक्रममा सहभागीता सम्बन्धमा।

महाशय,

उपर्युक्त सम्बन्धमा कोशी प्रदेश, उद्योग कृषि तथा सहकारी मन्त्रालयले जारी गरेको "कृषि कर्जामा ब्याज अनुदान ब्यवस्थापन कार्यविधि, २०८१" बमोजिम **बैंक/वित्तीय संस्था /सहकारी संस्था** मार्फत ब्याज अनुदान कार्यक्रममा सहभागीताका लागि  तपशिलका कागजात एवम् विवरण सहित यो निवेदन पेश गरिएको छ।

निवेदक

बैंक/वित्तीय संस्था/ सहकारी संस्थाको नामः
ठेगानाः
सम्पर्क टेलिफोन नं.
अधिकार प्राप्त अधिकारीको नाम र हस्ताक्षर                    कार्यालयको छाप

पेश गर्नुपर्ने कागजात/ विवरणहरुः

(क) प्रवाह हुने कृषि कर्जामा लाग्ने ब्याज दर
(ख) बैंक/ लघुवित्त संस्था/ सहकारी संस्थाका शाखा कार्यालयहरु भएका स्थानीय तहमा सेवा प्रवाह गरेका कार्यालय संख्या वा कोशी प्रदेशमा रहेका शाखा कार्यालयको संख्या, नाम र ठेगाना
(ग) कृषि कर्जा परिचालन गर्न प्रस्ताव गरेका कोशी प्रदेशका जिल्ला र स्थानीय तहहरु
(घ) चालु आ.ब........मा परिचालन गर्न सक्ने कर्जाको अनुमानित रकम................रुपैंया
(ङ) अन्य (बैंक/वित्तीय संस्था/सहकारी संस्थाले हालसम्म गरेका कृषि कर्जा सम्बन्धी उल्लेख्य कार्यहरु र यस कार्यक्रम अन्तरगत कति रकम बराबरको ऋण कोशी प्रदेशको कुन कुन क्षेत्रमा/स्थानीय तहहरुका कृषि उद्यमीहरुलाई उपलब्ध गराउन सकिन्छ सो बारे आवश्यकता अनुसार प्रस्ट पार्न सकिनेछ)

## थप जानकारी

**१. यस कार्यक्रममा सहभागिताका लागि क-कसले निवेदन पेश गर्न सक्छन ?**

- **बैंकहरुको हकमाः** नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त कोशी प्रदेशमा कार्यरत बाणिज्य बैंकहरु
- **वित्तीय संस्थाको हकमाः** कोशी प्रदेशमा कार्यरत प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न ईजाजत प्राप्त बिकास बैंक, सहकारी बैंक, वित्त कम्पनी, थोक तथा खुद्रा कर्जा उपलब्ध गराउने लघुवित्त संस्था
- **सहकारी संस्थाको हकमाः** बचत तथा ऋण सहकारी संस्था बाहेक कोशी प्रदेशमा कार्यरत बहुउद्धेश्य, कृषि, दूग्ध र विषयगत सहकारी तथा विशिष्ठिकृत सहकारी संघ वा संस्था

**२. यस कार्यक्रम अन्तरगत छनोट हुने बैंक, वित्तिय संस्था र सहकारी संस्थाले कसलाई ऋण उपलब्ध गराई ब्याज अनुदान कार्यक्रममा सहभागि गराउन सक्छन ?**

- **बैंकहरुको हकमाः** प्रचलित कानुन अनसार दर्ता भएका कृषि उद्यमीहरुलाई अनुसुची-१ (क) मा उल्लिखित ब्यवसायमा दश लाख देखि पचास लाख रुपैंया सम्मको कृषि कर्जा र अनुसुची-१ (ख) मा उल्लिखित ब्यवसायमा तीन करोड रुपैंया सम्मको कृषि कर्जा

- **वित्तीय संस्थाको हकमाः** (१)वित्तीय संस्थाको सदस्यता भएका वा नभएका प्रचलित कानुन अनुसार दर्ता भएका कृषि उद्यमीलाई प्रति उद्यमी अनुसुची-१ (क) मा उल्लिखित ब्यवसायमा बढीमा सात लाख रुपैंयासम्म कृषि कर्जा ।

  (२)नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई थोक कर्जा उपलब्ध गराउने लघुवित्त संस्थासँग कारोबारमा आवद्ध सहकारीका सदस्यले सञ्चालन गर्ने अनुसुची-१ (क) मा उल्लिखित ब्यवसायमा प्रति कृषि उद्यममा बढीमा सात लाख रुपैयासम्म

  (३)नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई थोक कर्जा उपलब्ध गराउने लघुवित्त संस्थासँग कारोबारमा आवद्धसहकारी संस्थाले आफैं सञ्चालन गर्ने अनुसची-१(ग) बमोजिमका उद्यममा बढीमा तीन करोड रुपैंया सम्म कृषि कर्जा उपलब्ध गराउन सकिनेछ।

  (४) सहकारी बैंकबाट कृषि कर्जा लिई सहकारी संस्थाले आफै सञ्चालन गर्ने अनुसची-१(ग) बमोजिमका उद्यममा बढीमा तीन करोड रुपैंया सम्म कृषि कर्जा
- **सहकारी संस्थाको हकमाः** प्रचलित कानुन अनसार दर्ता भएका कृषि उद्यमीको हकमा अनुसूची-१(क) अनुसार अधिकतम दश लाख रुपैंयासम्मको कृषि कर्जा

४. ब्याज अनुदानको अवधिः अनुसुची-१ अनुसार (३-५ वर्ष)

५. कसले यो कार्यक्रममा सहभागि हुन पाउँदैनः प्रचलित कानुन बमोजिम ब्यवसाय दर्ता नगरेकाले